# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८०।८१
च.नं. :- ६८४

मितिः२०८०/०९/१८

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
किस्पाङ गाउँपालिका, नुवाकोट ।

## वित्तीय हस्तान्तरण भएको कार्यक्रमको लागि माग तथा प्रस्ताव पेश गर्ने सम्बन्धि जरुरी सूचना।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएको कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकाले मिति २०८० माघ ०३ गते कार्यालय समयभित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा आइपुग्ने गरी माग तथा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सामुदायिक विद्यालयहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | क्रियाकलापहरू/विनियोजित बजेट | लक्ष्य | संगलन गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १ | पढ्दै कमाउँदै कार्यक्रम (५लाख) | १ | ➢ गत आ.व.को विद्यालय प्रगति प्रतिवेदन<br>➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| २ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान (३० लाख) | १ | ➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची -३ मूल्यांकन फारम प्रमाणितको प्रमाणित प्रतिलिपि<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| ३ | शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ठ अनुदान ( १० लाख) | १ | ➢ गत आ.व.को विद्यालय प्रगति प्रतिवेदन<br>➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |

| | | | |
|---|---|---|---|
| ४ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | ➢ विगत २ वर्षको अवधिभित्र जि.शि.स.इकाई नुवाकोट, प्रदेश सरकार वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट हाल माग गरेको प्राकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा खुलेको पत्र |
| ५ | विद्यालयमा पुस्तकालय स्थापना तथा ICT व्यवस्थापन (फिक्सिङ्ग , पुस्तक खरिद तथा ई-पुस्तकालय समेत) (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | ➢ पुस्तकालय/ विज्ञान प्रयोगशाला जुन कार्यक्रमका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाको लागि आवश्यक कक्ष/कोठा भई उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को सम्बन्धित खण्ड २ अनुसूचिमा भएको आधार तथा स्पेसिफिकेशनको परिधिभित्र रहेर सार्बजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना<br>➢ गत आ.व. को audit रिपोर्ट र सम्बन्धित वडाको सिफारिस । |

............................

केदार प्रसाद खतिवडा

(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थः श्री सूचना प्रविधि अधिकृतज्यू : सूचना वेबसाइटमा अपलोड गरिदिन हुन ।